# युवा उद्यमशिलता विकास ऋण कार्यक्रमको
# कार्यक्षेत्रगत मापदण्ड

**युवा उद्यमशिलता विकास ऋण कार्यक्रमको लागि बैंकबाट सहुलियत ब्याजदरमा ऋण प्राप्तीका लागि सहजीकरण गरिने रकमको मापदण्ड देहाय बमोजिम हुनेछन्ः–**

---

**क) बाख्रा पालनः–** बाख्रा पालन गर्ने उद्यमीहरुलाई सुधारिएको खोर निर्माण तथा सुधारका लागि माउ संख्याको आधारमा बैंकबाट सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराईनेछ ।

**ख) गाई भैंसी पालनः–** गाई भैंसी पालन गर्ने उद्यमीहरुलाई गोठ निर्माण तथा सुधारका लागि गाई भैंसी संख्याको आधारमा बैंकबाट सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराईनेछ ।

**ग) कुखुरा पालनः–** लोकल कुखुरा पालन गर्ने उद्यमीहरुलाई खोर निर्माण तथा सुधारका लागि माउ संख्याको आधारमा बैंकबाट सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराईनेछ ।

**घ) टर्कि पालनः–** टर्कि पालन गर्ने उद्यमीहरुलाई खोर निर्माण तथा सुधारका लागि माउ संख्याको आधारमा बैंकबाट सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराईनेछ ।

**ङ) बंगुर पालनः–** बंगुर पालन गर्ने उद्यमीहरुलाई खोर निर्माण तथा सुधारका लागि माउ संख्याको आधारमा बैंकबाट सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराईनेछ ।

**च) तरकारी खेतीः–** तरकारी खेती गर्ने उद्यमीहरुलाई तरकारीको विऊविजन, औषधि तथा मलखाद खरिदका लागि जग्गाको क्षेत्रफलको आधारमा बैंकबाट सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराईनेछ ।

**छ) फलफुल खेतीः–** फलफुल खेती गर्ने उद्यमीहरुलाई फलफुलको विरुवा, मलखाद, कृषि औजार, उपकरण खरिद तथा व्यवस्थापनका लागि फलफुलको संख्याको आधारमा बैंकबाट सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराईनेछ ।

**ज) खाद्यान्न बाली बिऊ उत्पादनः–** खाद्यान्न बाली बिऊ उत्पादन खेती गर्ने उद्यमीहरुलाई मुल बिऊ, मलखाद खरिद तथा व्यवस्थापनको लागि जग्गाको क्षेत्रफलको आधारमा बैंकबाट सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराईनेछ ।

**झ) माछा पालनः–** माछा पालन गर्ने उद्यमीहरुलाई तलाउ निर्माण तथा मर्मत सम्भार, माछाको भुरा र दाना खरिदका लागि तलाउको क्षेत्रफलको आधारमा बैंकबाट सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराईनेछ ।

**ञ)** यहाँ उल्लेख नभएका अन्य रैथाने तथा नगदेबालीको हकमा सम्भावनाको आधारमा कार्यक्रम अनुगमन तथा व्यवस्थापन समितिले निर्धारण गर्नेछ ।

**ट)** युवा उद्यमीहरुलाई थप व्यवसाय विस्तारका लागि व्यवसायिक योजना अनुसार बैंकबाट सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराईनेछ ।

**ठ)** उल्लेखित ऋण रकमको दररेट युवा उद्यमशिलता विकास ऋण कार्यक्रमको वार्षिक स्वीकृत बजेटको आधारमा सोही वर्षका लागि के कति प्रदान गर्ने भन्ने गाउँकार्यपालिकाको निर्णयबमोजिम हुनेछ ।